# नेप्डो समृद्ध लघुवित्त वित्तीय संस्था लि.

कुश्मा, पर्वत।

## चौंथो वार्षिक साधारण सभाको विवरण/माईन्युट

**वैधानिक सभा:**

यस वित्तीय संस्थाको २०८० भाद्र २९ गते शुक्रवारको दिन बसेको सञ्चालक समितिको ८५औ बैठकको निर्णय अनुसार कम्पनी ऐन, २०६३ तथा नियमावली बमोजिम यस वित्तीय संस्थाको **चौंथो वार्षिक साधारण सभा, २०८०** वित्तीय संस्थाको सञ्चालक समितिका अध्यक्ष श्रीमान् सावित्री खत्री क्षेत्री लामिछानेज्यूको सभापतित्वमा निम्न मिति, समय र स्थानमा बसी देहायका विषयहरु उपर छलफल तथा निर्णय गरी सुसम्पन्न भयो ।

२. **सभाको स्थान, मिति र समय:**

**स्थान** : रोयल कुश्मा रिसोर्ट, मेनरोड कुश्मा नगरपालिका वडा नं. ५, पर्वत ।

**मिति** : वि.सं. २०८०/०६/२६ गते, शुक्रवार (तदनुसार १३ अक्टोबर, २०२३)

**समय** : दिनको ०१:३० बजे,

३. **सभाको सुचना :**

कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम यस वित्तीय संस्थाको **चौंथो वार्षिक साधारण सभाको** सूचना आ.ब. २०७८/०७९ को प्रतिवेदन एवम् वित्तीय विवरण लगायतका जानकारीहरु सबै शेयरधनीहरुलाई व्यक्तिगत ठेगानामा पठाउनुको साथै मिति २०८० आश्विन १ गते र आश्विन २४ गते दुई पटक राष्ट्रिय स्तरको **"आर्थिक अभियान राष्ट्रिय दैनिक"** मा प्रकाशित गरिएको र वित्तीय संस्थाको वेबसाइटमा समेत राखिएको थियो ।

४. **सञ्चालकहरुको उपस्थिति:**

| क्र.स | सञ्चालकहरुको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री सावित्री खत्री क्षेत्री लामिछाने | अध्यक्ष | |
| २. | श्री रत्न प्रसाद अधिकारी | सञ्चालक | |
| ३. | श्री प्रेम शर्मा पौडेल | सञ्चालक | |
| ४ | श्री रेशम बहादुर खत्री | सञ्चालक | |
| ५ | श्री दुर्गा बहादुर शाह | सञ्चालक | |
| ६ | श्री विप्लव हमाल | सञ्चालक | |
| ७ | श्री एन्जेल श्रेष्ठ | सञ्चालक | |

५. **सभाको गणपुरक संख्याः**

| कुल शेयर धनी संख्या | कुल शेयर कित्ता | कुल शेयर रकम (रु.) | उपस्थिती | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | संस्थापक शेयरधनि संख्या | सर्वसाधारण शेयरधनि संख्या | शेयर कित्ता संख्या | कुल शेयर रकम | प्रतिशत |
| ४९७०२ | २५५०००० | २५५०००००० | ३३ | ३७ | १३९३६३५ | १३९३६३५०० | ५४.६५ |

६. **सभाको वैधानिकताः**

कम्पनी ऐन, स्वीकृत विनियमावली बमोजिम आजको साधारण सभामा संस्थाका कुल ८३ जना संस्थापक शेयरधनि मध्ये ३३ जना शेयरधनि र शेयर कारोवार दाखेल खारेज बन्दको मिति २०८० आश्विन १८ गते देखी २६ गते सम्म रहेकोमा आश्विन १७ गते सम्म शेयर कारोवार भई धितोपत्र नियम अनुसार कायम हुने शेयरधनि कुल ४९ हजार ६४९ जना मध्ये ३७ जना स्वयम् उपस्थित भई कुल ७० जनाले हाजिर पुस्तिकामा हस्ताक्षर गर्नु भएको र सो उपस्थिती २५ लाख ५० हजार कित्ता शेयर तथा २५ करोड ५० लाख शेयर रकम मध्ये १३ लाख ९३ हजार ६३५ शेयर कित्ता तथा १४ करोड ९३ लाख ५३ हजार ५ सय शेयरको प्रतिनिधित्व भएको र सो कुल चुक्ता शेयर कित्ता वा चुक्ता पुँजीको ५४ दशमलव ६५ प्रतिशत हुन जाने भएकोले कम्पनी ऐन, २०६३ को दफा ७३ वमोजिम गणपुरक संख्या पुगेको देखिएकोले यस **चौंथो वार्षिक साधारण सभा, २०८०** को वैधानिकता पुरा भएको जानकारी कम्पनी सचिव श्री कमल प्रसाद शर्मा गराउनु भयो । तत्पश्चात श्रीमान् अध्यक्षज्यूवाट साधाराण सभाको कार्यवाही अगाडी वढाईया् ।

७. **सभाको सभापतित्व र सभा सञ्चालनः**

वित्तीय संस्थाको चौंथो वार्षिक साधारण सभा दुई सत्रमा सम्पन्न भयो । जुन निम्नानुसार रहेको छः

**क) समूदघाटन सत्रः**

पहिलो चरणमा औपचारिक समूदघाटन समारोह सम्पन्न भयो । संस्थाका अध्यक्ष श्री सावित्री खत्री क्षेत्री लामिछानेज्यूको अध्यक्षता, सञ्चालक श्री रत्न प्रसाद अधिकारीज्यूको स्वागत एवम् शेयरधनि श्री सुस्मा प्रसाईको सञ्चालनमा सम्पन्न उद्घाटन समारोहमा तत्कालिन प्रवन्ध सञ्चालक श्री विश्व प्रकाश प्रसाई ठकुरीले सञ्चालक समितिको तर्फवाट वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो भने सञ्चालक श्री दुर्गा वहादुर शा लगायतले शुभकामना मन्तव्य राख्नु भएको थियो । समारोहमा सहायक अधिकृत श्री अनिता सोतीले संस्थागत प्रतिज्ञा गराउनु भएको थियो भने शेयरधनि श्री सुकवहादुर पुनले विविध कला प्रदर्शन गर्नु भएको थियो ।

**ख) वन्दसत्रः**

कम्पनी ऐन, २०६३ तथा वित्तीय संस्थाको स्वीकृत विनियमावली अनुसार सञ्चालक समितिका अध्यक्ष श्रीमान् सावित्री खत्री क्षेत्री लामिछानेज्यूले वन्दसत्रमा सञ्चालक समितिको तर्फवाट सभामा उपस्थित हुनु भएका सबै संस्थापक तथा सर्वसाधारण शेयरधनी महानुभावहरुलाई स्वागत अभिवादन गर्नु भयो । सभामा आवश्यक गणपुरक संख्या पूरा भई वैधानिकता प्राप्त भएकोले अध्यक्षज्यूवाट सभाको कार्यवाही अगाडी

वढाउनु भयो । वन्दसत्रमा संस्थाको आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदनको साथै सञ्चालक समितिको तर्फवाट पेश भएका प्रस्तावहरु तत्कालिन प्रवन्ध सञ्चालक एवम् वर्तमान कार्यकारी प्रमुख श्री विश्व प्रकाश प्रसाई ठकुरीले निर्णयार्थ प्रस्तुत गर्न जिम्मेवारी प्रदान गरे वमोजिम उहाँवाट क्रमशः प्रस्तावहरु निर्णयार्थ सभामा पेश गर्ने काम भयो ।

८. **साधारण सभामा प्रस्तुत प्रस्तावहरुः**

(क) **साधारण प्रस्तावहरुः**

१) सञ्चालक समितिको तर्फवाट अध्यक्षज्यूवाट प्रस्तुत गर्नुहुने आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्वन्धमा ।

२) लेखापरिक्षकको प्रतिवेदन सहितको २०७९ असार मसान्तको वासलात, नाफा नोक्सान हिसाव र सोही अवधीको नगद प्रवाह विवरण तथा सो संग सम्वन्धित अनुसुचीहरु उपर छलफल गरी पारित गर्ने सम्वन्धमा ।

३) आर्थिक वर्ष २०७९/८० को संस्थाको लेखापरिक्षण गर्नका लागि लेखापरीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा ।

४) नेपाल राष्ट्र वैंकवाट स्वीकृत भए बमोजिम वित्तीय संस्थाको आ.व.२०७७/७८ सम्मको संचित मुनाफा र आ.व. २०७८/७९ को खुद मुनाफा मध्येवाट २०७९ आषाढ मसान्त सम्ममा कायम चुक्ता पुँजी रु.२५ करोड ५० लाखको १७.९३४२ प्रतिशतले हुने रु.४,५७,३२,२१०।०० (अक्षरेपी चार करोड सन्ताउन्न लाख वत्तिस हजार दुई सय दश रुपैयाँ मात्र) नगद लाभांश (नगद लाभांसमा लाग्ने कर प्रयोजनमा लागि समेत) वितरण गर्ने प्रस्ताव माथि छलफल गर्ने सम्वन्धमा ।

(ख) **विशेष प्रस्तावहरुः**

१) वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीहरुमा संस्थाको चुक्ता पुँजी शंसोधन तथा अन्य आवश्यक संशोधन गर्नु पर्ने भएमा छलफल गरी शंसोधन गर्ने सम्वन्धमा ।

२) यस वित्तीय संस्थाले अन्य इजाजतपत्र प्राप्त कुनै एक वा एक भन्दा वढि उपयुक्त लघुवित्त वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने/गाभिने (Merger) वा प्राप्ती (Acquisition) गर्ने, समभ्रुदारी पत्र (MOU) मा हस्ताक्षर गर्ने, सम्पत्ति तथा दायित्वको मुल्यांकन प्रतिवेदन (Due Diligence Audit Report) तयार गर्न मुल्यांकनकर्ताको नियुक्ती तथा नीजको पारिश्रमिक निर्धारण गर्ने तथा गाभ्ने/गाभिने एवम् प्राप्तीसंग सम्वन्धित प्रचलित कानून तथा निर्देशनहरु अनुरुप अपानाउनु पर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक सम्पूर्ण कार्यहरु गर्न गराउनको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।

३) वित्तीय संस्थाको प्रवन्धपत्र र नियमावलीमा गरिएको शंसोधनका सम्वन्धमा नियमनकारी निकायवाट कुनै संशोधन वा फेरवदल वा परिमार्जन वा थपघट गर्न निर्देशन वा सुझाव प्राप्त भएमा सोही वमोजिम गर्न/ गराउन तथा अभिलेखन गर्दा गराउँदा केही सामान्य हेरफेर गर्न, संशोधन सम्वन्धि कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन समेत वित्तीय संस्थाको सञ्चालक समिति वा समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।

ग) विविध ।

९. **सञ्चालक समितिको तर्फवाट प्रतिवेदन प्रस्तुतिः**

सभाको निर्धारित विषय सूचीमा उल्लेख भए बमोजिमका विषयमा सञ्चालक समितिको तर्फवाट तत्कालिन प्रवन्ध सञ्चालक एवम् कार्यकारी प्रमुख श्री विश्व प्रकाश प्रसाई ठकुरीज्यूले शेयरधनी महानुभावहरु समक्ष बार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भयो ।

१०. **वार्षिक प्रतिवेदन तथा प्रस्तुत प्रस्ताव माथि छलफलको लागि आह्वानः**

अध्यक्षज्यूले शेयरधनी महानुभावहरुलाई साधारण सभा आह्वानको सुचनामा निर्धारित विषय उपर केही जिज्ञासा, प्रश्न तथा सुझावहरु भए छलफलको विषय सूची अनुसार विचार मन्तव्य प्रकट गरिदिनु हुन अनुरोध गर्दै सभा अगाडी बढाउनु भयो । यस क्रममा शेयरधनी महानुभावहरुले आफ्नो मन्तव्य व्यक्त गर्नु भयो ।

वन्दसत्रमा छलफलको क्रममा संस्थापक शेयरधनि राष्ट्रिय शैक्षिक तथा सामाजिक विकास संस्था, नेष्डो नेपालको तर्फवाट अख्तियारवाला प्रतिनिधी श्री प्रेम प्रसाद पौडेलले लाभांश प्रस्ताव सम्वन्धमा हालसम्म भए गरेका गतिविधीहरु र साधारण सभा आहवानको सन्दर्भमा प्रस्तावित लाभांश प्रस्ताववारे विस्तृत जानकारी सभा समक्ष स्पष्ट पार्न माग गर्नु भयो ।

शेयरधनिको माग वमोजिम अध्यक्षज्यूको अनुमति लिएर सभामा लाभांश वितरण सम्वन्धमा हालसम्म भए गरेका गतिविधीहरुको जानकारी तत्कालिन प्रवन्ध सञ्चालक एवम् कार्यकारी प्रमुख श्री विश्व प्रकाश प्रसाई ठकुरी ले सभामा गराउनु भयो । उहाँले प्रस्तुत गर्नु भएको स्पष्टीकरणको संक्षिप्त स्वरुय निम्नानुसार रहेको थियो:

नेष्डो समृद्ध लघुवित्त वित्तीय संस्थाले मिति २०७८ साल फाल्गुण २४ गतेको दिन सर्वसाधारणलाई शेयर वाँडफाँड गरी सकेकोले संस्थाको तेश्रो वार्षिक साधारण सभामा ७५ प्रतिशत लाभांश प्रस्ताव गर्न नेपाल राष्ट्र बैंकसंग राय लिइएकोमा अर्को वर्ष क्षमता अनुसार वितरण गर्न स्वीकृती दिने गरी दुई पक्षिय सहमतीमा तेश्रो वार्षिक साधारण सभामा लाभांश प्रस्ताव गरिएन ।

चौंधो वार्षिक साधारण सभाको सन्दर्भमा संस्थाले ७३.६८४२ प्रतिशत लभांश प्रस्ताव गरेकोमा नेपाल राष्ट्र बैंकवाट मिति २०८०/०१/४ गते १७.९३४२ मात्र स्वीकृती प्रदान गरेको पत्र प्राप्त भएकोले एउटै प्रकृतिका संस्थाहरु विच लभांश स्वीकृतीमा भएको विभेदपुर्ण निर्णयको विरुद्ध सम्मानित सर्वोच्च अदालतमा रीट निवेदन दर्ता गरिएकोमा पहिलो सुनुवाई क्रममा मिति २०८०/०१/४ गतेको नेपाल राष्ट्र बैंकको निर्णय कार्यान्वियन नगर्न नगराउनु भनि अल्पकालिन आदेश जारी भएता पनि दुई पक्षिय छलफल पछि रीट निवेदनको विषय मुद्दाको अन्तिम किनारको क्रममा निक्यौल गर्नुपर्ने देखिएको भनि अन्तरिम आदेश प्राप्त नभएको र नेपालको न्याए प्रणालीमा विद्यमान ढिलासुस्तीको कारण संस्थालाई लामो समयसम्म अनिर्णयको वन्दी वनाउन उपर्युक्त नहुने निक्कर्षको साथ रीट निवेदन फिर्ता लिई पुनः सञ्चालक समितिवाट कर सहित १५ प्रतिशत लाभांश प्रस्ताव गरी स्वीकृती माग गरिएकोमा नेपाल राष्ट्र बैंकवाट पुर्व निर्णय शंसोधनको गर्न नसकिने अनौपचारिक जानकारी आएकोले संस्थाको सर्वोच्च निकाय साधारण सभाको निर्णय वमोजिम गर्ने गरी हाललाई नेपाल

राष्ट्र बैंकको स्वीकृती बमोजिमको लाभांश प्रस्ताव गरी चौथो वार्षिक साधारण सभा आह्वान गरिएको व्यहोरा शेयरधनिज्यूहरुलाई जानकारी गराउने काम भयो ।

तत्पश्चात सभामा उपस्थित सदस्यको दुई तिहाई शेयरको प्रतिनिधित्व हुने गरी दस्तखत सहित लाभांश प्रस्ताव शंसोधन सहित वित्तीय विवरण पारित गर्नको लागि लिखित शंसोधन प्रस्ताव सभा समक्ष पेश भएकोमा सम्बन्धित प्रस्ताव माथि छलफलको क्रममा उक्त शंसोधन प्रस्ताव दुई तिहाईबाट स्वीकृत भई अध्यक्षज्यूबाट छलफलमा पेश गर्ने निर्देशन भए बमोजिम बन्दसत्रमा प्रस्ताव सहित कार्यवाही अगाडी बढाईयो ।

सभामा बोल्ने शेयरधनीज्यूहरुबाट प्रस्तुत गरिएका अन्य उचित राय, सल्लाह र सुझावहरु सभामा सहर्ष स्वीकार गरी सो बमोजिम आवश्यक शंसोधन समेत गरी प्रस्ताव पारित गर्ने र पारित प्रस्तावहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न सञ्चालक समितिबाट प्रतिवद्धता व्यक्त गरियो ।

**११. सभाको निर्णयः**

निर्धारित विषय उपर शेयरधनी महानुभावहरुको जिज्ञासाप्रति छलफल एवम् प्रतिउत्तरका साथ प्रस्ताव शंसोधन र विविध तर्फ नयाँ थप प्रस्तावउपर सभाबाट देहाय बमोजिम सर्वसम्मत निर्णय भयो ।

**क. सामान्य प्रस्ताव तर्फको निर्णयहरुः**

१) **सञ्चालक समितिको तर्फबाट तत्कालिन प्रवन्ध सञ्चालक एवम् कार्यकारी प्रमुखज्यूबाट प्रस्तुत आर्थिक वर्ष २०७८/७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने एवम् कार्यान्वयनको लागि अख्तियारी दिने सम्बन्धमाः** छलफल गर्दा यस गरिमामय चौथो वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट संस्थाका तत्कालिन प्रवन्ध सञ्चालक एवम् कार्यकारी प्रमुख श्री विश्व प्रकाश प्रसाई ठकुरीज्यूबाट प्रस्तुत आर्थिक वर्ष २०७८/७९ को आर्थिक परिसुचक सहितको गतिविधी एवम् यस वार्षिक साधारण सभासम्मको अवधीमा भए गरेका संस्थागत क्रियाकलाप एवम् चालु आर्थिक वर्ष २०७९/८० को कार्यक्रमहरु समेतलाई समेटी प्रस्तुत वित्तीय संस्थाको आर्थिक वर्ष २०७८/७९ को प्रगती तथा चालु आर्थिक वर्ष २०७९/८० को कार्यक्रम सहितको **वार्षिक प्रतिवेदन, २०७९** लाई सर्वसम्मतीले पारित गरी वित्तीय संस्थाले सम्पादन गर्नुपर्ने कार्यहरु तथा आवश्यक नीति, निर्माण, निर्णय तथा सो को कार्यान्वयन गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

२) **लेखा परिक्षकको प्रतिवेदन सहितको २०७९ असार मसान्तको वासलात, २०७८ श्रावण १ गते देखि २०७९ असार मसान्तसम्मको नाफा नोक्सान हिसाव र सोही अवधीको नगद प्रवाह विवरण तथा सो संग सम्बन्धित अनुसुचीहरु उपर छलफल गरी पारित गर्ने सम्बन्धमाः** छलफल गर्दा संस्थाको मिति २०७९/०३/३१ गते सम्पन्न तेश्रो वार्षिक साधारण सभाको निर्णय बमोजिम नियुक्त "क" वर्गको लेखा परिक्षक कम्पनी "सि.बि.बि. एण्ड एशोसिएट्स" द्वारा लेखा परिक्षण भई मिति २०७९/१२/१० गते बसेको सञ्चालक समितिको ७८औं बैठकबाट स्वीकृत भई नेपाल राष्ट्र बैंकबाट समेत जाँच भई मिति २०८० वैषाख ४ गतेका दिन वित्तीय विवरणहरु प्रकाशनको लागि स्वीकृत प्राप्त यस वित्तीय संस्थाको आर्थिक वर्ष २०७८/७९ को लेखा परिक्षण प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह सहित सोसंग सम्बन्धित

अनुसुचीहरुलाई पारित गर्ने सम्वन्धमा नेपाल राष्ट्र बैंकवाट वित्तीय विवरण प्रकाशनको लागि स्वीकृतीको साथ साधारण सभावाट पारित भए पश्चात वितरण गर्ने गरी स्वीकृती प्राप्त प्रस्तावित लाभांश १७.९३४२ माथि कुल शेयर संख्या २५,५०,००० को वहुमत शेयरको प्रतिनिधित्व हुने गरी सभामा उपस्थित शेयरधनि मध्ये दुई तिहाई शेयरको प्रतिनिधित्व हुने गरी शेयर धनिले शंसोधन प्रस्ताव दर्ता गराउनु भएकोले १५ प्रतिशत (नगद तथा कर प्रयोजनको लागि समेत) मात्र लाभांश कायम गरी सो वमोजिमको आर्थिक वर्ष २०७८/७९ को लेखा परीक्षण प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह सहित सो संग सम्वन्धित सम्पूर्ण अनुसुचीहरुलाई सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो ।

३) **बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०७९/८० को लागी लेखा परीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक तोक्ने सम्वन्धमा:** छलफल गर्दा लेखा परिक्षण समिति मार्फत सञ्चालक समितिवाट सिफारिस भई आएको ३ जना लेखा परिक्षकको प्रस्तावहरु मध्ये चार्टर्ड एकाउण्टेन्ट सि.वि.वि. एण्ड एशोसिएसलाई लेखा परीक्षकको रुपमा नियुक्ती गर्ने तथा निजलाई लेखा परीक्षण पारिश्रमिक वापत भ्याट लगायत सम्पूर्ण खर्च सहित वढिमा (आपसी सहमतीमा घटन सक्ने गरी) मा रु. ४,००,०००/- (अक्षरेपी चार लाख रुपैयाँ मात्र) प्रदान गर्ने निर्णय गरियो । साथै वित्तीय संस्थाको आर्थिक वर्ष २०७९।८० को लेखा परीक्षण २०८० कात्तिक मसान्त भित्रमा सम्पन्न गर्नुपर्ने शर्त सहित लेखा परिक्षक नियुक्त गर्ने तथा सो अवधीमा छनौट भएको कम्पनीले लेखा परिक्षण सम्पन्न गर्न नसकेमा स्वीकृत पारिश्रमिकमा नवढने गरी उपर्युक्त कम्पनी छनौट गरी लेखा परीक्षण गराउनको लागि सञ्चालक समितिलाई अख्तियारी दिने निर्णय गरियो ।

४) **नेपाल राष्ट्र बैंकवाट स्वीकृत भए वमोजिम वित्तीय संस्थाको आ.व.२०७७/७८ सम्मको संचित मुनाफा र आ.व. २०७८/७९ को खुद मुनाफा मध्येवाट २०७९ आषाढ मसान्त सम्ममा कायम चुक्ता पुँजी रु.२५ करोड ५० लाखको १७.९३४२ प्रतिशतले हुने रु.४,५७,३२,२१०।०० (अक्षरेपी चार करोड सन्ताउन्न लाख वत्तिस हजार दुई सय दश रुपैयाँ मात्र) नगद लाभांश (नगद लाभांसमा लाग्ने कर प्रयोजनमा लागि समेत) वितरण गर्ने प्रस्ताव माथि छलफल गर्ने सम्वन्धमा:** छलफल गर्दा कुल शेयर संख्या २५,५०,००० को वहुमत शेयरको प्रतिनिधित्व हुने शेयरधनिको उपस्थिती भई वैधानिक रुपमा सञ्चालन भएको यस चौंथो वार्षिक साधारण सभामा उपस्थित शेयरधनि मध्ये संस्थापक शेयरधनि राष्ट्रिय शैक्षिक तथा सामाजिक विकास संस्था, नेष्डो नेपाल लगायतका दुई तिहाई शेयरको प्रतिनिधित्व हुने गरी शेयर धनिले शंसोधन प्रस्ताव दर्ता गराउनु भएकोमा सो माथि व्यापक छलफल गरी सञ्चालक समितिवाट प्रस्ताव भई नेपाल राष्ट्र बैंकवाट स्वीकृती प्राप्त प्रस्तावित लाभांश १७.९३४२ लाई घटाई १५ प्रतिशत (नगद तथा कर प्रयोजनको लागि समेत) मात्र लाभांश कायम गरी संस्थाको आ.व.२०७७/७८ सम्मको संचित मुनाफा र आ.व. २०७८/७९ को खुद मुनाफा मध्येवाट २०७९ आषाढ मसान्त सम्ममा कायम चुक्ता पुँजी रु. २५ करोड ५० लाखको १५ प्रतिशतले हुने रु.३,८२,५०,०००।०० (अक्षरेपी तिन करोड वयासी लाख पँचास हजार रुपैयाँ मात्र) नगद लाभांश (नगद लाभांसमा लाग्ने कर प्रयोजनको लागि समेत) वितरण गर्ने गरी लाभांश स्वीकृती गर्ने तथा सो वमोजिम सञ्चालक समितिवाट प्रमाणित वित्तीय

विवरण तथा अनुसुचीहरुलाई वार्षिक प्रतिवेदनमा समावेश गरी प्रकाशन गर्ने निर्णय गरियो ।

ख) **विशेष प्रस्ताव तर्फको निर्णयहरु:**

१) **वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीहरुमा संस्थाको चुक्ता पुँजी संशोधन तथा अन्य आवश्यक संशोधन गर्नु पर्ने भएमा छलफल गरी संशोधन गर्ने सम्बन्धमा :** छलफल गर्दा वित्तीय संस्थाले सर्वसाधारणलाई आईपिओ जारी पश्चात संस्थाको जारी पुँजी २५ करोड ५० लाख बराबर संस्थाको चुक्ता पुँजी वृद्धि भएकोले प्रवन्धपत्र को दफा ६ (ग) मा देहाय बमोजिम हुने गरी संसोधन गर्ने निर्णय गरियो ।

| दफा | हालको व्यवस्था | प्रस्तावित संसोधन | संसोधन गर्नुपरेको कारण |
|---|---|---|---|
| दफा ६ (ग) | वित्तीय संस्थाको संस्थापकहरुले चुक्ता गर्न कबुल गरेको शेयर पुँजी रु.१७,२१,२५,०००/-(अक्षरुपी सत्र करोड एक्काइस लाख पच्चीस हजार रुपैयाँ मात्र) हुने छ । | वित्तीय संस्थाको चुक्ता शेयर पुँजी रु.२५,५०,००,०००/- (अक्षरुपी पच्चीस करोड पचास लाख रुपैयाँ मात्र) हुनेछ । | वित्तीय संस्थाको चुक्ता पुँजी वृद्धि गर्न । आइपिओ जारी पछि वित्तीय संस्थाको चुक्ता पुँजी वृद्धि हुने भएकोले) |
| नियमावलीमा संसोधन प्रस्ताव | | | |
| १२ (१) (ख) | सञ्चालक समितिको बैठकमा उपस्थित भए बापत अध्यक्ष तथा अन्य सञ्चालकले पाउने प्रति बैठक भत्ता रु ६०००/- हुनेछ । | सञ्चालक समितिको बैठकमा उपस्थित भए बापत अध्यक्ष तथा अन्य सञ्चालकले पाउने प्रति बैठक भत्ता रु ८०००/- हुनेछ । समितिको सदस्य सरहको जिम्मेवारी सम्पादन गर्ने गरी बैठकमा सहभागी कम्पनी सचिव तथा कार्यकारी प्रमुखले समेत बैठकमा सहभागी भए बापत रु ६०००/- भत्ता प्रदान गरिनेछ । | संस्थाको कारोबार वृद्धि र जिम्मेवारी बमोजिम समय सापेक्ष बनाउन । |
| १२ (१) (ग) | वित्तीय संस्थाको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ:-<br>(अ) स्वदेशमा दैनिक भत्ता रु ३०००/-<br>(आ) भारतमा दैनिक भत्ता भा.रु ३०००/-<br>(इ) भारत बाहेकका अन्य विदेशी मुलुकमा दैनिक भत्ता अमेरिकी डलर ३००/-<br>(ई) भ्रमण भत्ता, यातायात तथा आवास खर्च बिल बमोजिम । | वित्तीय संस्थाको कामको सिलसिलामा सञ्चालक एवम् कार्यकारी सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ:-<br>(अ) स्वदेशमा दैनिक भत्ता रु ३०००/-<br>(आ) भारतमा दैनिक भत्ता भा.रु ३०००/-<br>(इ) भारत बाहेकका अन्य विदेशी मुलुकमा दैनिक भत्ता अमेरिकी डलर ३००/-<br>(ई) भ्रमण भत्ता, यातायात तथा आवास खर्च बिल बमोजिम ।<br>(उ) सञ्चार सुविधा बापत मासिक रु [illegible]/- [illegible]<br>(ऊ) [illegible] | सञ्चालकको स्वदेश तथा विदेश भ्रमणमा पाउने सुविधालाई समय सापेक्ष बनाई प्रभावकारी अनुगमन, नयाँ नयाँ कार्यको अवलोकन र अनुभवको आदानप्रदान कार्य प्रभावकारिता ल्याउने । |

१) **यस वित्तीय संस्था नेपाल राष्ट्र बैंकवाट इजाजत प्राप्त "घ" वर्गको अन्य लघुवित्त संस्थासंग एक आपसमा गाभ्ने/गाभिने र प्राप्ती गर्ने सम्वन्धमाः** छलफल गर्दा हालसम्म यस वित्तीय संस्था र नेपाल एग्रो लघुवित्त संस्था लि. विच एक आपसमा गाभ्ने/गाभिने सम्वन्धमा विगतमा मर्जर सम्वन्धि सहमती भई डिमर्ज हुँदा संस्थाको प्रतिष्ठा देखि सेवा विस्तारमा समेत अत्यन्त ठूलो वाधा अडचन सृजना भएको यथार्त अनुभवलाई समेत मध्यनजर राख्दै सोच विचार पुऱ्याई संस्थागत संस्कार, भौगोलिकता, संस्थागत क्षमता र वित्तीय अवस्था समेतलाई गहिरो विश्लेषण गरी उपर्युक्त वित्तीय संस्थासंग एक आपसमा गाभ्ने र गाभिने (मर्जर) तथा प्राप्ति (एक्वीजिशन) गर्ने विकल्पलाई खुल्ला राख्दै सो प्रयोजनको लागि मर्जर समितिको गठन, आवश्यक खर्च लगायत जो जे गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्य गर्न/गराउनको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

३) **वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक शंसोधन गर्नुपर्ने भएमा छलफल गरी शंसोधन गर्ने सम्वन्धमाः** छलफल गर्दा मिति २०७९ असार ३१ गते सम्पन्न तेश्रो वार्षिक साधारण सभावाट सस्थाको प्रवन्धपत्र तथा नियमावली शंसोधन भई नेपाल राष्ट्र बैंकवाट स्वीकृती समेत प्राप्त भई कार्यान्वयनमा समेत आएको र अन्य विषयहरु पनि शंसोधन गर्नु पर्ने भएकोले निम्नानुसार शंसोधनको निर्णय गरी आवश्यक कार्य गर्न सञ्चालक समिलिलाई अख्तियारी दिने निर्णय गरियोः

| दफा | हालको व्यवस्था | प्रस्तावित शंसोधन | शंसोधन गर्नुपरेको कारण |
|---|---|---|---|
| दफा ६ (ग) | वित्तीय संस्थाको संस्थापकहरुले चुक्ता गर्न कवुल गरेको शेयर पुँजी रु.१७,२१,२५,०००/-( अक्षरुपी सत्र करोड एक्काइस लाख पच्चीस हजार रुपैयाँ मात्र) हुने छ । | वित्तीय संस्थाको चुक्ता शेयर पुँजी रु.२५,५०,००,०००/- (अक्षरुपी पच्चीस करोड पचाँस लाख रुपैयाँ मात्र) हुनेछ । | वित्तीय संस्थाको चुक्ता पूँजी वृद्धि गर्न (आइपिओ जारी पछि वित्तीय संस्थाको चुक्ता पूँजी वृद्धि हुने भएकोले) |
| नियमावलीमा शंसोधन प्रस्तावः | | | |
| ३२ (१) (ख) | सञ्चालक समितिको वैठकमा उपस्थित भए वापत अध्यक्ष तथा अन्य सञ्चालकले पाउने प्रति बैठक भत्ता रु ६०००/- हुनेछ । | सञ्चालक समितिको वैठकमा उपस्थित भए वापत अध्यक्ष तथा अन्य सञ्चालकले पाउने प्रति बैठक भत्ता रु ८०००/- हुनेछ । समितिको सदस्य सरहको जिम्मेवारी सम्पादन गर्ने गरी वैठकमा सहभागी कम्पनी सचिव तथा कार्यकारी प्रमुखले समेत वैठकमा सहभागी भए वापत रु ६०००/- भत्ता प्रदान गरिनेछ । सञ्चालकलाई यथार्त यातयात खर्च तथा इन्धन खर्च । | संस्थाको कारोवार वृद्धि र जिम्मेवारी बमोजिम समय सापेक्ष वनाउन । |
| ३२ (१) (ग) | वित्तीय संस्थाको कामको सिलसिलामा सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछः- (अ) स्वदेशमा दैनिक भत्ता रु. ३०००/- | वित्तीय संस्थाको कामको सिलसिलामा सञ्चालक एवम् कार्यकारी सञ्चालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछः- (अ) स्वदेशमा दैनिक भत्ता | सञ्चाललको स्वदेश तथा विदेश भ्रमणमा पाउने सुविधालाई समय सापेक्ष वनाई प्रभावकारी अनुगमन, नयाँ नयाँ कार्यको अवलोकन र |

| | | | |
|---|---|---|---|
| | (आ) भारतमा दैनिक भत्ता<br>भा.रु. ३०००१/-<br>(इ) भारत वाहेकका अन्य विदेशी मुलुकमा दैनिक भत्ता अमेरिकी<br>डलर: २००/-<br>(ई) भ्रमण भत्ता, यातयात तथा आवास खर्च विल वमोजिम । | रु. ३०००/-<br>(आ) भारतमा दैनिक भत्ता<br>भा.रु. ३०००/-<br>(इ) भारत वाहेकका अन्य विदेशी मुलुकमा दैनिक भत्ता अमेरिकी<br>डलर: ३००/-<br>(ई) भ्रमण भत्ता, यातयात तथा आवास खर्च विल वमोजिम ।<br>(उ) सञ्चार, पत्रपत्रिका वापत मासिक रु २०००/- (थप गर्ने)<br>(ऊ) एक एक वटा सञ्चार साधन वा ल्यापटप लगायतको उपकरण । | अनुभवको माध्यमवाट कार्य प्रभावकारीता ल्याउने । |

४) **प्रवन्धपत्र र नियमावलीमा गरिएको शंसोधन सम्वन्धमा नियमनकारी निकायवाट कुनै संशोधन वा परिमार्जन गर्न निर्देशन प्राप्त भएमा सोही वमोजिम गर्न गराउन सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्वन्धमा:** छलफल गर्दा वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा प्रस्तावित दफा र नियम संशोधन गर्ने तथा वित्तीय संस्थासँग सम्वन्धित नियमक निकायबाट प्रस्तावित दफा र नियमका अतिरिक्त नेपाल राष्ट्र बैंक ऐन, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन तथा अन्य प्रचलित कानुनसंग बाझिएका वा सो अनुकुल हुने गरी अन्य कुनै विषयमा संशोधन वा परिमार्जन वा थपघट वा परिवर्तन गर्न कुनै निर्देशन प्राप्त भएमा वा प्रचलित ऐन, कानूनसंग नवाझिने गरी वित्तीय संस्था, यसका लगानीकर्ता र सेवाग्राहीको हितको लागि प्रवन्धपत्र, नियमावलीमा कुनै शंसोधन गर्नुपर्ने भएमा सो समेत आवश्यक शंसोधन गरी स्वीकृतको प्रक्रिया अगाडी वढाउनको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सर्व सम्मतीले निर्णय गरियो ।

ग. **विविध प्रस्ताव तर्फको निर्णयहरु:**

१) **यस सभामा प्रस्तुत एजेण्डा वाहेक अन्य कुनै महत्त्वपुर्ण प्रस्ताव भएमा छलफल गरी निर्णय गर्नको लागि शेयरधनी समक्ष प्रस्ताव गर्दा:** शेयरधनीको बहुमतवाट प्रस्तुत यस बित्तीय संस्थाको सञ्चालक समितिमा संस्थापक शेयरधनि राष्ट्रिय शैक्षिक तथा सामाजिक विकास संस्था, नेष्डो नेपालको तर्फवाट संस्थागत प्रतिनिधीको रुपमा रहनु भएका श्री विश्व प्रकाश प्रसाई ठकुरीलाई सो संस्थाले फिर्ता गरी श्री प्रेम शर्मा पौडेललाई संस्थागत प्रतिनिधीको रुपमा पठाई नीजलाई सञ्चालकको रुपमा सपथ ग्रहण गराइएको, संस्थामा कार्यकारी प्रमुखको जिम्मेवारीमा रही विचको अवधीमा सञ्चालकमा समेत रहनु भएका श्री विश्व प्रकाश प्रसाई ठकुरीलाई कार्यकारी प्रमुखको रुपमा चार वर्ष एक कार्यकाल थप गरिएको, नीजको सेवा सुविधा सञ्चालक समितिवाट स्वीकृत भई अध्यक्षज्यूवाट भएको दुई पक्षिय संझौता लगायत सञ्चालक समिति, कार्यकारी प्रमुख तथा अन्य व्यवस्थापकीय कर्मचारीवाट संस्थागत हितमा भए गरेका काम, कार्यवाहीलाई अनुमोदन गर्ने गर्ने निर्णय गरियो ।

२) **यस सभामा विविध विषयमा छलफल गर्नुपर्ने भएमा प्रस्ताव पेश गर्नको लागि शेयरधनि समक्ष प्रस्ताव गर्दा:** उपस्थित शेयरधनि मध्ये दुई तिहाई सदस्यहरुले प्रस्तुत वार्षिक प्रतिवेदनमा स्पष्ट नभएको संस्थाको वार्षिक बजेट र त्यसको कार्यान्वयन स्पष्ट रुपमा प्रस्तुत गर्न

अनुरोध गर्नु भएकोमा सञ्चालक समितिको तर्फवाट विस्तृत वार्षिक वजेट र सो को कार्यान्वयनको वारेमा जानकारी गराउने काम भयो । प्रस्तावित वजेट अनुरुप कार्यान्वयन कमजोर रहेको निश्कर्षको साथ वजेटको पुर्ण कार्यान्वयनको लागि सञ्चालक समिति मार्फत कार्यकारी प्रमुखको ध्यान आर्कषण गराउने निर्णय गरियो ।

३) **यस सभामा विविध विषयमा छलफल गर्नुपर्ने भएमा प्रस्ताव पेश गर्नको लागि शेयरधनि समक्ष प्रस्ताव गर्दा:**संस्थापक शेयरधनी नेष्डो नेपालको नाममा रहेको ४७.६ प्रतिशत शेयरलाई वैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन, २०७३ तथा धितोपत्र दर्ता तथा निश्काशन नियमावली, २०७३ भएको व्यवस्था समेतको विश्लेषण गरी संस्थापक शेयर विनिमेश कार्यविधि तर्जुमा, कार्ययोजना तर्जुमा तथा प्रचलित ऐन, कानून र संस्थाको नीति वमोजिम आवश्यक प्रक्रिया अवलम्वन गर्नको लागि सञ्चालक समितिलाई आवश्यक अख्तियारी दिइयोस भनि कुल शेयरसंख्याको वहुमत शेयरको प्रतिनिधित्व गर्ने शेयरधिनवाट प्रस्ताव पेश भएकोले सो लाई सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो ।

४) **यस सभामा विविध विषयमा छलफल गर्नुपर्ने भएमा प्रस्ताव पेश गर्नको लागि शेयरधनि समक्ष प्रस्ताव गर्दा:** उपस्थित शेयरधनि मध्ये दुई तिहाई शेयरधनिको प्रतिनिधीवाट संस्थाको पुँजी वृद्धिको लागि वोनस शेयरको एउटा आधार भए पनि सो समेत केन्द्रिय वैंकको निर्देशन अनुसार सहज नभएको सन्दर्भमा संस्थाको पुँजीवृद्धिको लागि १ अनुपातमा :२ हकप्रद शेयर जारी गर्ने प्रस्ताव पारित गरी सो को तीन महले तयार गरी आवश्यक प्रक्रिया अगाडी वढाउनको लागि सञ्चालक समितिलाई अख्तियारी दिईयोस भनि विविध प्रस्ताव पेश भएकोमा सो माथि व्यापक छलफल गरी सर्वसम्मतीले पारित गर्ने निर्णय गरियो ।

।ङ) **धन्यवाद सम्वन्धमा:** विविध बिषय अन्तर्गत उल्लेखित ग (१) र (२) बाहेक अन्य महत्वपुर्ण प्रस्ताव पेश नभएकोले उपस्थित शेयरधनी, सञ्चालक र अतिथिहरुलाई धन्यवाद ज्ञापन गर्ने प्रस्ताव अध्यक्षज्यूवाट सभामा प्रस्तुत हुँदा सर्व सम्मतीले धन्यवाद प्रस्ताव पारित गरियो ।

ङ) **तेश्रो साधारण सभाको विसर्जन:**

अध्यक्षज्यूले उत्साह एवम् उमङ्गकासाथ लामो समयसम्म धैर्यधारण गरी सक्रिय रुपमा छलफलमा संलग्न भई यस **चौंथो वार्षिक साधारण सभा**लाई सफलतापूर्वक सुसम्पन्न गर्न सहयोग गर्नु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सञ्चालक समितिको तर्फवाट धन्यवाद दिनु हुँदै अपरान्ह ६:०० बजे **चौथो वार्षिक साधारण सभा, २०८०** औपचारिक रुपमा विसर्जन भएको घोषणा गर्नुभयो ।